स्वास्थ्य कार्यालय भोजपुर

# जनस्वास्थ्य गतिविधि

आ.व. २०८३/८४ वर्षः १ अङ्कः २ महिनाः भाद्र

## डेङ्गी रोकथामका लागि खोज र नष्ट गर अभियान

स्वास्थ्य कार्यालय भोजपुरको आयोजनामा मिति २०८३/०५/०५ गते भोजपुर नगरपालिका-७ स्थित विद्योदय माध्यमिक विद्यालयमा शिक्षक तथा विद्यार्थीहरूको सहभागितामा डेंगी रोकथाम तथा नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम एवं खोज तथा नष्ट गर अभियान सम्पन्न भयो। कार्यक्रममा विद्यार्थीहरूलाई डेंगी रोग, संक्रमण, लक्षण तथा रोकथामका उपायबारे जनचेतनामूलक कक्षा सञ्चालन गर्नुका साथै विद्यालय परिसरमा लामखुट्टेको सम्भावित प्रजनन स्थलको खोजी तथा नष्ट गर्ने कार्य गरिएको थियो।






## विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन खर्च सम्बन्धी अभिमुखीकरण कार्यक्रम

मिति २०८३/०५/०५ गते भोजपुर जिल्लाअन्तर्गतका विद्यालयहरूमा कार्यरत विद्यालय स्वास्थ्य नर्सहरूका लागि विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन खर्च सम्बन्धी अभिमुखीकरण कार्यक्रम अनलाइन माध्यम (Google Meet) बाट सञ्चालन गरिएको थियो। कार्यक्रममा विद्यालय स्वास्थ्य कार्यक्रमअन्तर्गत उपलब्ध सञ्चालन खर्चको प्रयोग, खर्च व्यवस्थापन तथा कार्यक्रम सञ्चालनसम्बन्धी आवश्यक प्रक्रिया र व्यवस्थाबारे जानकारी गराइएको थियो।






सम्पर्क नं.: ०२९-४२०१८९ ईमेल: dhobhojpur10@gmail.com वेबसाईट: ho.bhojpur.koshi.gov.np

## विद्यार्थीहरूलाई डेंगी सम्बन्धी स्वास्थ्य शिक्षा

२०८३ भाद्र १७ मा भोजपुर एकेडेमीमा अध्ययनरत कक्षा ६ देखि ८ सम्मका विद्यार्थी तथा शिक्षकहरू जिल्ला अस्पतालको अवलोकन भ्रमणका क्रममा स्वास्थ्य कार्यालय भोजपुरमा समेत उपस्थित भएका थिए। सो अवसरमा विद्यार्थीहरूलाई डेंगी रोग, संक्रमणबाट बच्ने उपाय तथा रोकथाम र नियन्त्रणका उपायहरू सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गर्नुका साथै डेंगी तथा अन्य स्वास्थ्यसम्बन्धी सूचना, शिक्षा तथा सञ्चार (IEC) सामग्री वितरण गरिएको थियो।



## कुष्ठरोग LPEP सम्बन्धी अभिमुखीकरण कार्यक्रम

स्वास्थ्य कार्यालय भोजपुरको आयोजनामा मिति २०८३/०५/१८ गते अरुण गाउँपालिका-२, स्वास्थ्य चौकी चम्पेमा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा जनप्रतिनिधिहरूको सहभागितामा कुष्ठरोगको Post Exposure Prophylaxis (LPEP) सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको थियो। कार्यक्रममा कुष्ठरोगका शंकास्पद बिरामी तथा सम्पर्क व्यक्तिको पहिचान र व्यवस्थापन, रोगका लक्षण तथा चिन्ह, रोग सर्ने सम्भावना र LPEP को आवश्यकता तथा महत्वबारे प्राविधिक प्रस्तुतीकरण, छलफल तथा अन्तरक्रिया गरिएको थियो। समुदायमा कुष्ठरोगको समयमै पहिचान, सम्पर्क व्यक्तिको उचित व्यवस्थापन तथा रोग नियन्त्रणमा सहजीकरण गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा NRL विराटनगरबाट प्राविधिक सहयोग तथा सहजीकरण प्राप्त भएको थियो।



### विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा स्वास्थ्य शिक्षा कार्यक्रम

विश्व आत्महत्या रोकथाम दिवस (September 10) को अवसरमा श्री वीरेन्द्र माध्यमिक विद्यालय, साल्पासिलिछो गाउँपालिका, श्री पञ्चकन्या माध्यमिक विद्यालय, पौवादुङमा गाउँपालिका र श्री तिम्मा माध्यमिक विद्यालय, टेम्केमैयुङ गाउँपालिकामा कार्यरत विद्यालय स्वास्थ्य नर्सहरूद्वारा आत्महत्या रोकथाम सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो। विद्यार्थीहरूमा मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथामसम्बन्धी ज्ञान र सचेतना अभिवृद्धि गर्ने, आत्महत्याका जोखिम संकेतको समयमै पहिचान गर्ने तथा समस्यामा रहेका व्यक्तिलाई आवश्यक सहयोग र स्वास्थ्य सेवासँग जोड्ने उद्देश्यले सोहि विषयहरुमा स्वास्थ्य शिक्षा प्रदान गरिएको थियो।




### ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला र २४ घण्टाभित्रका नवजात शिशुका लागि हवाई उद्धार सम्बन्धी अभिमुखीकरण कार्यक्रम

स्वास्थ्य कार्यालय भोजपुरको आयोजनामा मिति २०८३/०५/३१ गते भोजपुर जिल्लाअन्तर्गतका बर्थिङ सेन्टरमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला र २४ घण्टाभित्रका नवजात शिशुका लागि हवाई उद्धार तथा सिफारिस प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम अनलाइन माध्यम (Google Meet) बाट सम्पन्न भयो। कार्यक्रममा हवाई उद्धार सेवा, सिफारिस प्रक्रिया तथा स्वास्थ्यकर्मीको भूमिकाबारे जानकारी गराइएको थियो। आवश्यक प्रक्रिया पूरा गरी भोजपुर जिल्लाका सबै स्थानीय तहबाट हवाई उद्धार सेवाका लागि सिफारिस गर्न सकिने व्यवस्था रहेको जानकारी गराइएको थियो।



# स्थानीय तहहरुद्वारा सञ्चालित क्रियाकलापहरु

## डेङ्गी रोकथामका लागि खोज र नष्ट गर अभियान

षडानन्द नगरपालिका स्वास्थ्य शाखा तथा विभिन्ना स्वास्थ्य संस्थहरुद्वारा डेङ्गी रोकथाम तथा नियन्त्रणका भाद्र महिनाको प्रत्येक शुक्रबार “खोज र नष्ट गर” अभियान सञ्चालन गरिएको थियो। अभियानअन्तर्गत नगरपालिकाभित्र विभिन्न क्षेत्रमा डेङ्गी सार्ने एडिस लामखुट्टेको सम्भावित प्रजननस्थल तथा बासस्थानहरू पहिचान गरी नष्ट गर्ने कार्य गरिएको थियो। नियमित रूपमा सञ्चालन गरिएको यस अभियानबाट लामखुट्टेको प्रजननस्थल न्यूनीकरण गर्दै डेङ्गी संक्रमणको जोखिम कम गर्न योगदान पुग्ने अपेक्षा गरिएको छ।



## क्षयरोग कार्यक्रमको वार्षिक समीक्षा

मिति २०८३/०५/२४ गते अरुण गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा क्षयरोग कार्यक्रमको वार्षिक समीक्षा सम्पन्न भएको थियो । कार्यक्रममा अघिल्लो आर्थिक वर्षमा सञ्चालन भएका क्षयरोगसम्बन्धी मुख्य गतिविधि, सेवा प्रवाह तथा उपलब्धिहरूको समीक्षा गर्नुका साथै कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरूको छलफल गरिएको थियो। साथै आगामी दिनमा क्षयरोगसम्बन्धी सेवा तथा कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाउने उपायहरू, आवश्यक सुधार तथा आगामी कार्ययोजनाका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो।



# सचेनतामूलक जानकारीहरु




